शर्तहरु:-

गोकुलगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रस्नालु, रामेछाप बागमती प्रदेश, नेपाल

हेम बहादुर थापा प्रमुख प्रशासकीय अधिकृत

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ व करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम दस्तुर (रु. ३,००० ) बापत यस कार्यालयमा नगदै तिरेको वा सिद्धार्थ बैक गोकुलगंगा शाख कार्यालय रस्नालु, रामेछापमा रहेको यस कार्यालयको नाममा रहेको गोकुलगंगा गाउँपालिका आन्तरिक राजश्व खात नं. ०३६१५२५१९६६ मा नगद जम्मा गरेको नगदी भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाश भएको मितिले ३० औं दिन (२०८०/०५/१८) को कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद ग सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको प्रशासन शाखा वा यस कार्यालयको बैक खातामा मा उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम य कार्यालयको सिद्धार्थ बैकमा रहेको धरौटी खाता नं. ०३६१५०३१६१० मा जम्मा गरी सोको सक्कल बैक भौचर व नेपाल राष्ट्रबैकबाट ईजाजत पत्र प्राप्त "क" बर्गको बैकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्ले गरी १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छा गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराईटरको नाम, ठेगान फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन(२०८०/०५/१९) को १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन (२०८०/०५/१९) को २:०० बजे पछि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ साथै बोलपत्रदातावा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २४ औं दिन (२०८०/०५/१९) दिनको २:०० बजे गोकुलगंगा गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृ जानकारी हाँसिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवग गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलप स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयम सुरक्षित रहनेछ ।

७. बोलपत्र फाराम खरिद एवम् दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेक दिनलाई क्रमशः अन्तिम दिन र सोही समयलाई मानिने छ ।

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

हरि बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

८. ठेक्काको मान्य अवधि उत्खनन् र संकलनको हकमा सम्झौता भएको मिति देखि २०८१ जेष्ठ मसान्त सम्म बिक्रिको हकमा सम्झौता भएको मिति देखि २०८१ असार मसान्त सम्म कायम रहनेछ ।

८. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र कबो अंकको प्रथम किस्ता बापत ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्तावापत ३० प्रतिशतले हु रकम माघ मसान्त भित्र दाखिला गर्नुपर्ने र तेस्रो किस्ता वापत हुने रकम चैत्र मसान्त भित्र दाखिला गर्नुपर्नेछ किस्ताको हकमा सम्झौता बखत नेपाल राष्ट्रबैंकबाट ईजाजत प्राप्त "क" बर्गको बाणिज्य बैंकबाट यस कार्यालयक नाममा २०८१ साल अषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पे गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बाप हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोबस गरिनेछ । यस स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजि हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अं मानिनेछ ।

१०.यस सुचनामा उल्लेख भएका कुराहरु यसै सुचना वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानुन वमोजिम हुनेछ ।

**नदीजन्य पदार्थहरु उत्खनन्, सङ्कलन र विक्री वितरण गर्न शर्तहरु:**

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकी निर्धारीत स्थानबाट मात्र उत्खनन् तथा विक्री वितरण गनुपर्नेछ ।
२. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् सङ्कलन गरी घाटगद्दि क्षेत्रबाट विक्री वितरण गर्ने क्रममा उल्लेखित शर्तह पालना भए नभएको सम्बनधमा अनुगमन समिति तथा गाउँपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देश पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।
३. ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले कबोल गरेको अंकको साथै उत्खननको लागि उल्लेखित परिमाणको आधारमा विक्री शुल बापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप १३ प्रतिशतले हुन आउने मु.अ.कर रकम समेत ग

गोकुलगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रस्नालु, रामेछाप बागमती प्रदेश, नेपाल

होम बहादुर थापा प्रमुख प्रशासकीय अधिकृत

एकमुष्ट वा तीनकिस्तामा प्रथम किस्ता ४० प्रतिशत सम्झौताका बखत, दोश्रो किस्ता ३० प्रतिशत माघ मसान्त भित्र र तेर किस्ता ३० प्रतिशत चैत्र मसान्त भित्रमा यस कार्यालयमा बुझाउनपर्नेछ ।

४. यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७ प्रदेश कानून, नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको अन्य ऐन, प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेद यस ठेक्का सम्झौताको अभिन्न अङ्ग रहनेछन् ।

५. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक, नदीजन्य पर्दाथको उत्खनन्, संकलन तथा बिक्री वितरण कार्य चुरे, मध्यवर क्षेत्र, राष्ट्रिय निकुञ्ज, सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईने छेन ।

६. बिक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख पाइने छैन ।

७. नेपाल सरकार वा गोकुलगंगा गाउँपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने अन्य कर , दस्तुर, शुल्क आदी स ठेकेदार स्वंयले सम्बन्धित निकायमा बुझानउ पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा ग पाइनेछैन ।

८. शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगा प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

९. बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरुको सहितको होडिङ्ग बोर्ड कर संकलन केन्द्रमा अनिवा रुपले ठेकेदारले सर्वसाधरणले देख्नेगरी राख्नु पर्नेछ ।

१०. ठेकका सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको सामाधान प्रचलित कानून बमोजिम हुनेछन् ।

११. तोकिएको म्याद भित्र ठेकेदारलेगाउपलिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा गोकुलगंगा गाउँपालिकाले जुनसु बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको १०% का दरले व्याज समे ठेकेदारबाट गाउँपालिकाले असुल उपर गर्नेछ ।

१२. गोकुलगंगा गाउँपालिकाले बिक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामाग्रीमा पुनः अर्को स्थानीय तहबाट क लगाउन पाईनेछन ।

१३. प्रचलित ऐन, बमोजिम ठेक्का शर्त तथा दररेटमा कुनै संशोधन भएका संसोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वय गर्नुपर्नेछ ।

१४. ठेक्का संकलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन के राख्नु पर्ने भएमा गोकुलगंगा गाउँपालिकाको पूर्व स्वीकृती लिएर मात्र राख्नु पर्नेछ ।

**संकलन केन्द्र राख्ने स्थान**

| क.स. | ठेक्काको किसीम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
नेपाल

हीम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

१५. आर्थिक वर्ष २०८०/०८१ को लागि तपशिल बमोजिम नदीजन्य सामाग्रीमा प्रति घन फिट विक्री दर ढुङ्गा, गिटी संकलन उत्खनन् र निकासीशुल्क रु.९ मा मू.अ.कर बापत १३ प्रतिशत थप गरी विक्री मूल्य वा शुल्क संकलन गर्न पाईनेछ । सा तोकिएको अवधिभन्दा पहिले तोकिएको परीमाण उत्खनन् भएको खण्डमा थप परीमाण गर्न रोक लगाईनेछ ।

१६. उत्खनन्, संकलन तथा विक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्याद आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्ने । शुन्य गर्न नसकेको परिमाण गाउँपालिकाले जफत गरी लिलाम विक्री गर्नेछ ।

१७. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ विक्री बापत गाउँपालिकालाई बुझाउनु पर्ने विक्री शुल्कको विवर देहायको ढाँचामा राख्नुपर्नेछ ।

## IEE प्रतिवेदन अनुसार आ.व. २०८०/०८१मा खिम्ती खोला बाट उत्त्खननसंकलन गर्न नदिजन्य सामाग्रीको विवरण स्थल र परिमाण

खिम्ती खोला

| क्षेत्र | घाट/स्थान | वडानम्बर | Latitude( उत्तर) | देशान्तर(पूर्व) | नापजाच | | | बार्षिक निकाल्न सकिने घन.फीट | दैनिक निकाल्न सकिने घन फीट. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लम्बाई फीट | चौडाई फीट | गहिराई फीट | | |
| १ | ओलामे बगर | १ | 27°37'53.74" | 86°18'23.91" | | | | | |
| २ | मेले बगर | १ | 27°37'26.45" | 86°18'15.75" | | | | | |
| ३ | एकामफेदी बगर ( बाहुन टोल) | २ | 27°36'21.75" | 86°17'31.32" | | | | | |
| ४ | एकामफेदी बगर | २ | 27°36'10.93" | 86°17'15.13" | | | | | |
| ५ | सिदुर्पा बगर | ३ | 27°35'20.49" | 86°14'18.78" | | | | | |
| ६ | होदम्पा बगर | ३ | 27°34'40.12" | 86°12'2.91" | | | | | |
| ७ | जामुने घाट बगर | ४ | 27°31'59.91" | 86°9'16.59" | | | | | |
| ८ | भाङ्गा वगर | ४ | 27°31'50.68" | 86°9'7.92" | | | | | |
| ९ | फर्पुफेदी बगर | ६ | 27°29'32.91" | 86°07'59.82" | | | | | |
| | **जम्मा** | | | | | | | ४,६७,२२२ | |

नोट:उक्त कुनै पनि स्थानमा बार्षिक निकाल्न सकिने अधिकतम घन.फीटI.E.E. प्रतिबेदन अनुसार हुनेछ

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

होम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

१८. सामान्य निर्माणमुखी नदिजन्य उत्खनन्, संकलन तथा विक्री गर्दा राष्ट्रिय गौरवको साथै रुपान्तरणकारी आयोजनाहरुला विशेष प्राथामिकता दिनुपर्नेछ ।

१९. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणीय प्रतिकुल प्रभाव गर्ने गरी कुनैपनि कार्य गर्न पाइने छैन ।

२०. ठेकेदारले यस सम्झौतामा उल्लेखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ र सोको नियमित रुपमा गाउँपालिकावा अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उलङ्घन भएको पाईएमा कार्यालयले जुनसुकै बखत ठेक्का रोक्न, तोड्न सक्नेछ यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन ।

२१. साधारण निर्माणमुखी नदिजन्य पदार्थ उत्खनन् र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा प असरहरुलाई क मगर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा आदि संकलन तथा ढुवानी गर्नुपर्नेछ ।

२२. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने माटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्म गर्नुपर्नेछ । सो बापत लागेको खर्च गाउँपालिकामा दावी गर्न पाईनेछेन ।

२३. उत्खनन् गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधर जनताको घरजग्गा,कुलो बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नुपर्नेछ ।

२४. कल्भर्ट, सडक, बाटो तथा सार्वजानिक निर्माण स्थलबाट दुवैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् ग पाईनेछैन ।

२५. मूख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन् गर्ने स्थानमा जाने आउने बाटो निर्माणको कार्य गर्दा नीजि जग्गामा पर्ने भ सम्बन्धित जग्गाधनीको मंजुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदार बाटो निर्माण गर्नुपर्नेछ ।

२६. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट **मिति** देखी मिति २०८१ जेष्ठ मसान्त सम्म विहान देखी वेलुकाको सम गोकुलगंगा गाउँपालिकाले निर्धारण गरेबमोजिम मात्र उत्खनन् एवं संकलन समय अवधि हुनेछ ।

२७. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा एक्स्काभेटर, डोजरजस्ता भा उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावाधानमा उल्लेखित भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग ग पर्नेछ ।

२८. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा यस्त मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

२९. उत्खनन् पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामाग्रीहरु जुन स्थानबाट निकालिएको हो, सोही स्थानमा लगि पू अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाईनेछैन ।

३०. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्य सलग्न हुने कर्मचारी वा कामदारहरु प्रयोग गर्ने सुरक्षा सामा तथा औजारहरु ठेकेदार स्वंयले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कता साथ उत्खनन् तथा विक्री प्रवन्ध मिलाउन पर्नेछ ।

३१. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्ने ।साथै कामदार तथा कर्मचारी हरुको सुरक्षाको लागि विमा गराउने दायित्व समेत ठेकेदारको हुनेछ ।

३२. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भउका वातावरणीय प्रभाव न्युणिकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन पदार्थ उत्खनन्, संकलन तथा विक्री गर्नुपर्नेछ ।

३३. नदिजन्य पदार्थ ( गिट्टी , ढुंगा , बालुवा ) संकलन , उत्खनन र निकासी गर्दा भौतिक संरचना ( सडक, पूल , कुला) जस्ता भौति संरचना बिग्रेमा वा भत्केमासोको जिम्मेवारी ठेकेदार वा कम्पनी हुनेछ |

३४. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकार मन्त्रि परिसदबाट स्वीकृत ढुंगा , गिट्टी , बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ तथा प्रदेश सरकार बा जारी भएको नदिजन्य पदार्थ ( संकलन र उपयोग ) सम्वन्धमाव्यवस्था गर्न बनेको कार्यविधि २०७५ र प्रचलित कानून बमोजि हुनेछ ।

३५. माथि उल्लेखित मालसामान संकलन, उत्खनन् गर्दा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेको स्थान वा सामग्री उत्खनन् गर्न पाईने छैन ।

३६. यस ठेक्कामा स्लेट ढुङगा र हाइड्रोक्षेत्र समाबेश गरिएको छैन र उक्तहाइड्रोक्षेत्र रस्लेट ढुङगा को कर ठेकदार वा कम्पनी ले लिन पाउ छैन|

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

होम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८०/०८१ मा गोकुल्गंगा गाउपालिका क्षेत्र भित्र भएर बगने खिम्ती खोलाबाट संकलन गर्न सकिने नदिजन्य सामग्रीको परिमाण,संरचना तथा न्युनतम अंक

| क्र.स. | नामः | वडानम्बर | बार्षिक निकाल्न सकिने घन.फीट | नदिजन्य सामग्रीको किसिम | नदिजन्य सामग्रीको संरचना घ.फीट. | नदिजन्य सामग्रीको संरचना घ.फीट. | संरचना प्रतिसत | बागमती प्रदेश आर्थिक बिध्येक २०७७ अनुसार प्रतिघन. फीट. संकलन, उत्खनन् र निकासी रु.(भ्याट बाहेक) | न्युनतम अंक रु |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ओलामे बगर | १ | | ढुङ्गा,गिट्टी, बालुवा | | | | ९ | |
| 2 | मेले बगर | १ | | ढुङ्गा,गिट्टी, बालुवा | | | | ९ | |
| 3 | एकामफेदी बगर ( बाहुन टोल) | २ | | ढुङ्गा,गिट्टी, बालुवा | | | | ९ | |
| 4 | एकामफेदी बगर | २ | | ढुङ्गा,गिट्टी, बालुवा | | | | ९ | |
| 5 | सिदुर्पा बगर | ३ | | ढुङ्गा,गिट्टी, बालुवा | | | | ९ | |
| 6 | होदम्पा बगर | ३ | | ढुङ्गा,गिट्टी, बालुवा | | | | ९ | |
| 7 | जामुने घाट बगर | ४ | | ढुङ्गा,गिट्टी, बालुवा | | | | ९ | |
| 8 | भाङ्गा बगर | ४ | | ढुङ्गा,गिट्टी, बालुवा | | | | ९ | |
| 9 | फर्पुफेदी बगर | ६ | | ढुङ्गा,गिट्टी, बालुवा | | | | ९ | |
| | जम्मा | | ४,६७,२२२ | | | | | | |